# परम्परागत बाजा (पञ्चेबाजा समेत) संरक्षण तथा समूह दर्ता तथा परिचालन कार्यविधि, २०८२

प्रस्तावना

पलाँता गाउँपालिकाको मौलिक सांस्कृतिक पहिचान बोकेको पञ्चेबाजा, नौमती बाजा तथा अन्य परम्परागत बाजाहरू लोपोन्मुख अवस्थामा पुगेको हुँदा तिनको संरक्षण, सम्वर्द्धन तथा पुस्तान्तरण गर्न आवश्यक भएकोले, स्थानीय कलाकारहरूलाई संगठित गरी व्यावसायिक, सामाजिक तथा सांस्कृतिक रूपमा सशक्त बनाउन तथा सांस्कृतिक पर्यटन प्रवर्द्धन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम पालाँता गाउँपालिकाले यो कार्यविधि जारी गरेको छ।

## परिच्छेद १

१. संक्षिप्त नाम र प्रारम्भ

१) यस कार्यविधिको नाम "परम्परागत बाजा संरक्षण तथा समूह दर्ता तथा परिचालन कार्यविधि, २०८२" रहनेछ।

२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भई राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछ।

२. परिभाषा

विषय वा प्रसंगले फरक अर्थ नलागेमा यस कार्यविधिमाः

क) "समूह" भन्नाले परम्परागत बाजा बजाउने उद्देश्यले गठन भएको समूह सम्झनुपर्छ।

ख) "परम्परागत बाजा" भन्नाले पञ्चेबाजा, नौमती बाजा तथा अन्य मौलिक बाजाहरू जनाउँछ।

ग) "विधान" भन्नाले समूह सञ्चालनका लागि बनाइएको नियमावली जनाउँछ।

घ) "दर्ता गर्ने अधिकारी" भन्नाले गाउँपालिकाले तोकेको कर्मचारीलाई जनाउँछ।

## परिच्छेद २

३. समूह गठन तथा सञ्चालन

१) समूह गठन गर्दा कम्तीमा ७ देखि ११ जना सदस्य हुनुपर्नेछ (बाजाको प्रकृति अनुसार)।

२) एउटै परिवारबाट एक जनामात्र सदस्य हुन पाउनेछ (विशेष अवस्थामा अपवाद हुन सक्नेछ)।

३) समूहले आफ्नो उद्देश्य, कार्यक्षेत्र र सञ्चालन विधि स्पष्ट गर्नुपर्नेछ।

४. समूह दर्ताको लागि निवेदन दिनुपर्ने

१) समूहले दर्ताको लागि गाउँपालिकामा निवेदन दिनुपर्नेछ।

२) निवेदनसँग देहायका कागजात संलग्न गर्नुपर्नेछः

क. समूहको विधान

ख. गठन बैठकको निर्णयको प्रतिलिपि

ग. सदस्यहरूको नागरिकताको प्रतिलिपि

घ. बाजा विवरण (प्रकार र संख्या)

ङ. वडा कार्यालयको सिफारिस

च. राजश्व तिरेको रसिद

५. दर्ता तथा नविकरण

१) आवश्यक कागजात पूरा भएमा कार्यालयले दर्ता गरि प्रमुख प्रशासकीय अधिकृतबाट जारी गरी प्रमाणपत्र प्रदान गरिनेछ।
२)प्रमुख प्रशासकीय अधिकृतबाट जारी गरी प्रमाण पत्र प्रत्येक वर्ष नविकरण गर्नुपर्नेछ।

६. यस कार्यविधि विपरीत समुह दर्ता भएको पाईएमा प्रमुख प्रशासकीय अधिकृतबाट दर्ता अस्वीकृत गर्न सकिनेछ।

परिच्छेद ३

७. समूहका उद्देश्य

क. परम्परागत बाजाको संरक्षण तथा प्रवर्द्धन गर्ने
ख. नयाँ पुस्तालाई सीप हस्तान्तरण गर्ने
ग. सांस्कृतिक कार्यक्रमहरूमा सहभागिता जनाउने

घ. कलाकारहरूको आर्थिक अवस्था सुधार गर्ने

८. समूहका कार्यहरू

- क. नियमित अभ्यास तथा प्रस्तुति
- ख. चाडपर्व, मेला, जात्रामा सहभागिता
- ग. तालिम सञ्चालन
- घ. सांस्कृतिक पहिचान संरक्षण

परिच्छेद ४

९. स्थानीय तहको दायित्व

गाउँपालिकाले देहाय अनुसार सहयोग गर्न सक्नेछः

| क्षेत्र | विवरण |
|---|---|
| उपकरण | बाजा खरिद/मर्मत अनुदान |
| पोशाक | परम्परागत पोशाक सहयोग |
| तालिम | गुरु-चेला तालिम |
| बजारिकरण | सरकारी तथा सामाजिक साँस्कृति कार्यक्रममा प्राथमिकता |
| बिमा | कलाकार तथा बाजा बिमा |

१०. कोष सञ्चालन

१) समूहले कोष सञ्चालन गर्न सक्नेछ।

२) कोषका स्रोतहरूः

क. सदस्य शुल्क

ख. अनुदान

ग. कार्यक्रमबाट आम्दानी

११. अनुगमन तथा नियमन

१) गाउँपालिका तथा वडा कार्यालयले आफूले हस्तान्तरण तथा अनुदान दिएका सामाग्रीहरुको अनुगमन गर्नेछ।

२) वार्षिक प्रतिवेदन पेश गर्नुपर्नेछ।--

१२. खारेजी र बचाउ

नियम विपरीत कार्य गरेमा समूह खारेज गर्न सकिनेछन् र दर्ता नएका समुहलारुलाई दर्ताका लागि आग्वाहान गर्नु सक्रिने छ।

परिच्छेद ५

१३. विविध

१) आवश्यक परेमा कार्यविधि संशोधन गर्न सकिनेछ।

२) अन्य विषय प्रचलित कानुन अनुसार हुनेछ।

अनुसूची १

(निवेदनको ढाँचा)

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,

पालाँता गाउँपालिका, कालिकोट

विषयः बाजा समूह दर्ता गरिपाऊँ।

हामी ——— समूह गठन गरी दर्ता गरिपाऊँ भनी निवेदन गर्दछौं हामी निम्न बमोजिमका कलाकार/सदस्यहरुहरू संगठित भई परम्परागत बाजा (पञ्चेबाजा/हुड्केली/अन्य.......) को संरक्षण गर्न "............... समूह" गठन गरी वडा नं. .... को सिफारिस सहित यो निवेदन पेश गर्दछौं ।

समूहको विवरणः

- समूहको नामः
- बाजाको प्रकारः
- सदस्य संख्याः

अध्यक्ष हस्ताक्षर

अनुसूची- २

(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

**समूह दर्ता प्रमाण पत्रको ढाँचा**

# पलाँता गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

**रानिविसौना, कालिकोट**

**कर्णाली प्रदेश, नेपाल**

**दर्ता नं.: ................** **मितिः ................**

# समूह दर्ता प्रमाण पत्र

यस **पलाँता गाउँपालिका** क्षेत्रभित्र रहेका परम्परागत बाजा (पञ्चेबाजा लगायत) को संरक्षण, सम्वर्द्धन र सांस्कृतिक विकास गर्ने उद्देश्यले गठित श्री ....................................................................... **समूह**, वडा नं. ........ लाई यस कार्यालयको अभिलेखमा दर्ता गरी यो प्रमाणपत्र प्रदान गरिएको छ । यस समूहले आफ्नो स्वीकृत विधान र **"परम्परागत बाजा संरक्षण तथा समूह दर्ता कार्यविधि, २०८२"** को परिधिभित्र रही मौलिक कला, संस्कृतिको जगेर्ना र सदस्यहरूको हित प्रवर्द्धनमा क्रियाशील रहने अपेक्षा गरिएको छ ।

..........................................

**प्रमुख प्रशासकीय अधिकृत**